**अनुसूची २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

# मालिका गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः... ७ संख्याः... ६ मितिः २०८०।०८।१८

**भाग-२**

**मालिका गाउँपालिका**

# मालिका गाउँपालिकको शैक्षिक छात्रवृत्ती कार्यविधि, २०८०

आज्ञाले,

विकास खनाल

प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।०८।१५

# मालिका गाउँपालिकको शैक्षिक छात्रवृत्ती कार्यविधि, २०८०

लोक कल्याणकारी राज्यको अवधारणा अनुसार आर्थिक रुपले विपन्न, दलित, आदिबासी जनजाती, द्वन्द्वपिडित, अनाथ, अपाङ्ग लगायतका गाउँपालिकाका नागरिकहरूलाई प्राविधिक विषयमा शैक्षिक छात्रवृत्ती प्रदान गर्न बाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा १०२ को उपदफा २ **र मालिका गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४** ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि जारी गरिएको छ ।

१. सक्षिप्त नाम विस्तार र प्रारम्भः (क) यस कार्यविधिको नाम " मालिका गाउँपालिकको शैक्षिक छात्रवृत्ती कार्यविधि, २०८०" रहेको छ । यो कार्यविधि मालिका गाउँपालिकाको क्षेत्रभर गाउँ कार्यपालिकाको बैठकले स्वीकृत गरेको दिनदेखि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "ऐन" भन्नाले मालिका गाउँपालिकाको शिक्षा ऐन सम्झनुपर्छ । " नियमावली" भन्नाले मालिका गाउँपालिकाको शिक्षा नियमावली, २०७६ सम्झनुपर्छ ।

(ख) "गाउँपालिका" भन्नाले मालिका गाउँपालिका सम्झनुपर्छ ।

(ग) "अध्यक्ष" भन्नाले मालिका गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(घ) सामाजिक विकास समिति संयोजक भन्नाले मालिका गाउँपालिकाको सामाजिक विकास समिति सम्झनुपर्छ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मालिका गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(च) "शाखा" भन्नाले मालिका गाउँपालिका अन्तर्गतको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्छ ।

(छ) "शिक्षा समिति" भन्नाले मालिका गाउँपालिकाको शिक्षा समिति सम्झनुपर्छ ।

(ज) "विद्यालय" भन्नाले मालिका गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका कक्षा १० वा ८

सञ्चालित विद्यालयलाई सम्झनुपर्छ ।

(झ) "प्रधानाध्यापक" भन्नाले विद्यालयको प्रशासकीय तथा शैक्षिक नेतृत्वको जिम्मेवारी लिने व्यक्ति सम्झनुपर्छ ।

(ञ) "समिति" भन्नाले छात्रवृत्ती छनोट समिति सम्झनुपर्छ ।

(ट) " संयोजक" भन्नाले छात्रवृत्ती छनोट समितिका संयोजक सम्झनुपर्छ ।

परिच्छेद २

(३) छात्रवृत्ती प्राप्त गर्ने व्यक्ति छनोट गर्ने प्रयोजनका लागि एक छात्रवृत्ती छनोट समिति हुनेछ ।

(४) दफा (३) बमोजिमको समिति देहायबमोजिम हुनेछ ।

गाउँपालिका अध्यक्षः  संयोजक

गाउँपालिका उपाध्यक्षः सदस्य

प्रमुख प्रशासकीय अधिकृतः सदस्य

सामाजिक विकास समिति संयोजकः सदस्य

शिक्षा युवा तथा खेलकुद विकास शाखा प्रमुखः सदस्य सचिव

परिच्छेदः ३

५. छात्रवृत्ती प्राप्त गर्ने व्यक्ति छनोटको मापदण्ड देहायबमोजिम हुनेछनः

(१) निवेदक मालिका गाउँपालिकामा स्थायी बसोबास गरेको हुनुपर्ने

(२) नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, विश्वविद्यालय तथा शिक्षण संस्थाबाट तोकिएको तहमा भर्ना हुन योग्यता प्राप्त गरेको,

(३)  निवेदकको परिवार अति विपन्न हुनुपर्ने,

(४)  निवेदक कुनै फौजदारी कसुर नलागेको,

(५) सामुदायिक विद्यालयबाट एस इ इ उत्तीर्ण गरेकोलाई प्राथमिकता प्रदान गरिने,

(६) निवेदक जेहन्दार हुनुपर्ने,

(७) यो छात्रवृत्ती कुनै पनि विद्यार्थीले अध्ययनकालमा एकपटक मात्र प्राप्त गर्न सक्नेछ ।

६.  छात्रवृत्ती प्रदान गरिने तह र विद्यागत क्षेत्रहरू देहायबमोजिम हुनेछन् ।

(१) प्रविणता प्रमाणपत्र तहतर्फ (क) चिकित्सा विज्ञान -ख) कृषी/पशु विज्ञान  (ग) वन विज्ञान (घ) इन्जिनियरिङ -ङ) आयुर्वेद  (च) औषधि विज्ञान

(ख) स्नातक तहतर्फः (क) चिकित्सा विज्ञान -ख) कृषी/पशु विज्ञान (ग) वन विज्ञान (घ) इन्जिनियरिङ (ङ) आयुर्वेद (च) औषधि विज्ञान

३. स्नातकोत्तर, एम फिल र विद्याबारिधिको सम्बन्धमा कार्यपालिकाको निर्णयानुसार हुनेछ ।

परिच्छेद ४

१. छात्रवृत्ती प्राप्त गर्ने निवेदक छनोट गर्न देहायका प्रक्रियाहरू अपनाइनेछ ।

(१) गाउँपालिकाले विनियोजन गरेको बजेटको आधारमा छनोट समितिले छात्रवृत्तीको शीर्षक र संख्या निर्धारण गरिनेछ ।

(२) मालिका गाउँपालिकाको नीति तथा कार्यक्रम अन्तर्गत छात्रवृत्तीको लागि विनियोजित रकम अनुसार छात्रवृत्तीको लागि दरखास्त आव्हान गरिनेछ ।

(३) यो कार्यविधि अनुसार छात्रवृत्ती प्राप्त गर्न चाहने व्यक्तिले नेपाल सरकारबाट सम्बन्धन प्राप्त विश्वविद्यालय वा सरकारी विद्यालयमा अध्ययन गरिराखेको प्रमाण तथा अन्य आवश्यक कागजातसहित तोकिएको समयमा निवेदन दिनुपर्नेछ ।

(४) छात्रवृत्ती छनोटमा देहायबमोजिमका निवेदकलाई प्राथमिकता प्रदान गरिनेछ ।

(क) भूमी ऐन, २०२१ बमोजिम व्यक्तिले स्वामित्वमा राख्न मिल्ने अधिकतम जग्गाको ५ % भन्दा कमी जग्गा भएको, निरपेक्ष गरीबीको रेखामुनि रहेको,

(ख) अनाथ

(ग) अपाङ्ग

(घ) बेपत्ता तथा द्वन्द्व पिडित परिवारका सदस्य

(ङ) विपन्न दलित तथा आदिबासी जनजाती

(५) यो कार्यविधिअनुसार प्राविधिक विषयमा प्रमाणपत्र तह, स्नातक तहमा अध्ययन गर्ने विद्यार्थीहरूलाई छात्रवृत्ती प्रदान गर्दा नेपाल सरकारको नियमानुसार लाग्ने शुल्कको १०% देखि ५०% सम्म प्रदान गर्न सकिनेछ ।

(६) छात्रवृत्ती छनोटमा परी अध्ययन गर्ने विद्यार्थीले अध्ययन समाप्त भएपछि गाउँपालिकाले आवश्यक ठानेको समयमा अनिवार्य सेवा गर्नुपर्नेछ । त्यसरी सेवा गरेवापत व्यक्तिले तोकिएको तलब प्राप्त गर्नेछ । तर निजको योग्यताअनुसार गाउँपालिकाले अवसर दिन नसके निज व्यक्तिलाई सेवा गर्न वाध्यता हुनेछैन ।

(७) प्राप्त निवेदनको आधारमा छात्रवृत्ती छनोट समितिले छनोट गरेको आधारमा कार्यपालिकाले अनुमोदन गरेपछिमात्र व्यक्तिलाई छात्रवृत्तीको सुविधा उपलब्ध गराइनेछ ।

अनुसूची १

## छात्रवृत्तीको लागि दिइने निवेदनको ढाँचा

मितिः

श्री संयोजक ज्यू,
छात्रवृत्ती छनोट समिति,
मालिका गाउँपालिका, गाउँकार्यपालिकाको कार्यलय, अर्खावाङ, गुल्मी

**विषयः छात्रवृत्ती उपलब्ध गराइपाउँ भन्ने सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा मिति ..... को तहाँ गाउँपालिकाको छात्रवृत्ती सम्बन्धी प्रकाशित सूचना अनुसार .... गाउँपालिका वडा नं. ..... निवासी ......को नाति/नातिनी ..... को छोरा/छोरी म ...... ले ....... अवस्थित..........................विद्यालय/क्याम्पस/विश्वविद्यालयमा कक्षा ११/१२/डिप्लोमा/स्नातक तहमा .......... विषय अध्ययन गरिराखेको तर आर्थिक अवस्था अत्यन्तै कमजोर भएको कारण आवश्यक कागजातसहित छात्रवृत्तीको लागि यो निवेदन पेश गरेको छु ।

निवेदक

नाम :

सम्पर्क नं.

आज्ञाले
विकास खनाल
प्रमुख प्रशासकीय अधिकृत